केमन आइल्याण्डमा देहायको मिति, समय र स्थानमा यस राजदूतावासद्वारा घुम्ती शिविरमार्फत राहदानी सेवा प्रदान गर्ने कार्यक्रम रहेको हुँदा ३० अप्रिल २०२७ भित्र राहदानीको बहाल अवधि समाप्त हुनेहरुले राहदानी नवीकरण गर्न शिविरमा उपस्थित भई लाभान्वित हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ ।

**घुम्ती शिविर संचालन सम्बन्धी व्यहोराः**

मितिः १४ अप्रिल २०२६

समयः ०९:०० – १७:०० सम्म

स्थानः Elmslie Memorial Church, 108A Seafarers Way, George Town

**सम्पर्क व्यक्तिहरु:**

| | |
|---|---|
| श्री बादल श्रेष्ठ, मो. +13453291716 | श्री राजु न्यौपाने, मो. +13453224727 |
| श्री दीपक रोकाहा, मो. +13453212961 | श्री राजेन्द्र तिवारी, मो. +13453253658 |
| श्री प्रकाश सुवेदी, मो. +13453215962 | |

विद्युतीय राहदानी नवीकरणका लागि:

- राहदानी आवेदनको लागि https://emrtds.nepalpassport.gov.np/ मा गई **अनलाइन फाराम भरी डाउनलोड गर्नुपर्नेछ र त्यसको जानकारी यस दूतावासको ईमेल consular@nepembassy.org.uk मा आवेदनको नागरिकताको प्रतिलिपि र राहदानीको प्रतिलिपि सहित पठाउनु पर्नेछ।**
-
-
- **घुम्ती शिविरमा** सक्कल राहदानी, सक्कल नागरिकता र सोको प्रतिलिपी (यस अघि मेशिन रिडेवल राहदानी (MRP) प्राप्त गरिसकेका आवेदकहरुको हकमा स्पष्ट बुझिने नेपाली नागरिकताको प्रमाणपत्र मात्र भए पनि पुग्ने), विवाहित महिला आवेदकको हकमा विवाह दर्ता प्रमाणपत्र तथा नावालकको हकमा नावालक परिचय पत्र, बुबा आमाको नेपाली नागरिकता तथा नेपाली राहदानीको प्रमाणपत्र र विवाह दर्ता प्रमाणपत्र समेत आवश्यक पर्नेछ ।
- शुल्क: राहदानी नवीकरणका लागि: £११०/-, हराएको राहदानी: £२२०/- र १० बर्ष भन्दा मुनिका नाबालकको हकमा £५५/- ।

- विद्युतीय राहदानी फाराम भर्नु अघि यस राजदूतावासको https://uk.nepalembassy.gov.np/pages/passport/ पेजमा गई विद्युतीय राहदानीको प्रि-इनरोलमेन्ट सम्बन्धी प्रक्रियाबारे जानकारी लिन सकिनेछ ।
- राहदानी बाहेक अन्य कन्सुलर सेवा जरुरी भएका सेवाग्राहीहरुले समेत घुम्ती शिविरमा सम्पर्क गर्नुहुन अनुरोध छ । प्राविधिक रुपमा सम्भव भएसम्म नेपाली राजदूतावासबाट प्रवाह गरिने सबै प्रकारका कन्सुलर सेवाहरु उपलब्ध गराइने छ ।

**नोटः**

- राहदानी तथा अन्य कन्सुलर सेवाहरु प्राप्त गर्न आवश्यक कागजात, शुल्क र प्रक्रियाबारे जानकारीको लागि राजदूतावासको वेबसाइट https://uk.nepalembassy.gov.np/services-list/ मा गई हेर्न सकिनेछ ।
- कन्सुलर सेवावापतको राजश्व पाउण्ड स्टर्लिङमा बैंक कार्डमार्फत भुक्तानी गर्नु पर्नेछ ।
- राहदानी तयार भएपश्चात निवेदकलाई इमेलमार्फत जानकारी गराइने र सम्बन्धित आवेदकले कुनै कुरियर सेवा बुक गरेर सोको लेवल (label) सहितको जानकारी यस राजदूतावासको इमेल consular@nepembassy.org.uk मा गराउनु पर्नेछ ।
- यस राजदूतावासबाट प्रदान गरिने कन्सुलर सेवा सम्बन्धमा कुनै जिज्ञासा भएमा राजदूतावासको इमेल consular@nepembassy.org.uk वा +४४७४०४९३९२७४ (WhatsApp) मा सम्पर्क गर्न सकिन्छ ।

**नेपाली राजदूतावास, लण्डन**

**०७ अप्रिल २०२६**